# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

सार्वजनिक लेखा समितिको मिति २०७७/०१/२६ गते (बिहान ११:०० बजे) को ३४ औं बैठक अन्तर्गत प्रदेश सभा सचिवालयसँग सम्बन्धित महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजू उपर दफावार छलफल गरी देहाय अनुसार गर्ने निर्णय गरियो।

क) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराइ कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन गर्ने।

ख) सचिवालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ग) प्रदेश सभाका पदाधिकारीहरुको मासिक सुविधा भुक्तानी प्रचलित ऐन बमोजिम भएकाले सोही अनुसार गर्न निर्देशन दिने।

घ) पदाधिकारीहरुको आवास तथा घरभाडा सुविधा उपलब्ध गराउँदा प्रदेश राजधानी रहेको जिल्ला भित्र घर हुने र नहुनेलाई समान रुपमा घरभाडा उपलब्ध गराएको पाइएकाले सो सम्बन्धमा प्रचलित ऐन बमोजिम भूक्तानी गर्न निर्देशन दिने।

ङ) प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन गरी आवश्यक निर्देशन दिन समिति गठन गर्ने प्रावधान अनुरुप महालेखापरीक्षकले प्रदेश प्रमुखलाई पेश गर्ने प्रतिवेदन प्रदेश सभाको सार्वजनिक लेखा समितिको कार्यक्षेत्र भित्र नभएको तर प्रदेश सभा नियमावली २०७४ को पहिलो संशोधनले उक्त व्यवस्था गरिसकेकोले सोही बमोजिम हुने निर्णय गरियो।

च) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ सचिवालयको कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

छ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।